विषय : कार्यसमितिको आकस्मिक बैठकको माइनुट

मिति : ०८ –२५ –२०२१

समय : साँझ ७ .४५ बजेदेखि ११. ३० सम्म

माध्यम : अनलाइन (जुम बैठक )

गैर आवासीय नेपाली सङ्घ एनआरएनए अमेरिकाका अध्यक्ष बुद्धि सागर सुवेदीको अध्यक्षतामा अगष्ट २५ तारिख २०२१ बुधवार साँझ ७ बजेर ४५ मिनेट देखि ११ बजेर ३० मिनेट सम्म कार्यसमितिको आकस्मिक बैठक जुम मार्फत सञ्चालन भयो ।बैठकमा अमेरिका क्षेत्रका क्षेत्रीय संयोजक राजन त्रिपाठी र उपसंयोजक राम सी पोखरेल पनि सहभागी हुनुहुन्थ्यो ।बैठक महासचिव अन्जन कुमार चौलागाईले सञ्चालन गर्नु भयो।

बैठकमा उपस्थित पदाधिकारी तथा बोर्ड सदस्य ज्यूहरू

१ बुद्धि सागर सुवेदी –अध्यक्ष उपस्थित

२ कृष्ण जीवी पन्त – वरिष्ठ उपाध्यक्ष उपस्थित

३ सुमन थापा –उपाध्यक्ष उपस्थित

४ गोपेन्द्र भट्टराई– उपाध्यक्ष उपस्थित

५ डिलु पराजुली–उपाध्यक्ष उपस्थित

६ विकास उप्रेती –उपाध्यक्ष उपस्थित

७ दिक्षा बस्नेत –महिला उपाध्यक्ष उपस्थित

८ अन्जन कुमार चौलागाई –महासचिव उपस्थित

९ अनुप खनाल –सचिव उपस्थित

१० सुनिता कँडेल – महिला सचिव उपस्थित

११ राजीव श्रेष्ठ –कोषाध्यक्ष उपस्थित

१२ अग्नि ढकाल –सह कोषाध्यक्ष उपस्थित

१३ तोया दाहाल –प्रवक्ता उपस्थित

१४ सुन्दरी गुरुङ –महिला संयोजक उपस्थित

१५ त्रिभुवन पाण्डे – युवा संयोजक उपस्थित

१६ श्रीराम थापा– पश्चिम क्षेत्रीय संयोजक उपस्थित

१७ समर बहादुर बुढाथोकी – पूर्वी क्षेत्रीय संयोजक उपस्थित

१८ किरण बस्नेत मीड वेस्ट क्षेत्रीय संयोजक

१९ बादल भुजेल दक्षिण क्षेत्रीय संयोजक अनुपस्थित

२० विशाल राना –बोर्ड सदस्य उपस्थित

२१ प्रकाश श्रेष्ठ –बोर्ड सदस्य उपस्थित

२२ बालाराज घिमिरे बोर्ड सदस्य उपस्थित

२३ डोलनाथ घिमिरे– बोर्ड सदस्य उपस्थित

२४ प्रभात राज सापकोटा –बोर्ड सदस्य उपस्थित

२५ ज्ञानेन्द्र गुरुङ–बोर्ड सदस्य उपस्थित

२६ सन्तोष पाहारी –बोर्ड सदस्य उपस्थित

२७ आशिष संग्रौला –बोर्ड सदस्य उपस्थित

२८ शान्ती वाग्ले पौडेल-बोर्ड सदस्य उपस्थित

२९ विश्व राज बास्तोला– बोर्ड सदस्य उपस्थित

३० दुर्गेश जङ्ग कार्की –बोर्ड सदस्य उपस्थित

३१ राज ढुङ्गाना – बोर्ड सदस्य उपस्थित

अगस्ट २५ ,२०२१ मा बसेको आकस्मिक बैठकमा भएका छलफलका विषय र निर्णयहरु

कार्यसमितिको आकस्मिक बैठक राष्ट्रिय समन्वय परिषद् अमेरिकाको विधानको धारा तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान अनुरूप निर्वाचनको सम्पूर्ण प्रक्रिया पुरा गरी निर्धारित समय अगष्ट २५ भित्र पठाएको आइसीसी डेलिगेटसको विषयमा गैर आवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद्को आइइएस बैठकले अस्वीकृत गर्दै विधिवत् ढङ्गले निर्वाचन सम्पन्न गरी डेलिगेटस पठाएको भएमा सो को पुष्टि गर्ने आधार र डकुमेन्ट ७ दिन भित्र पठाउन भनिएको बिषयमा बैठक केन्द्रित रहयो । गैर आवासीय नेपाली सङ्घ अमेरिकाका महासचिवलाई संवोधन गर्दै सचिवालयमा पठाइएको पत्रमा उठान गरिएका विषय बस्तुमा केन्द्रित भएर बैठकमा छलफल गरियो ।

अध्यक्ष बुद्धि सागर सुवेदी र महासचिव अन्जन कुमार चौलागाईले कार्यसमितिको बैठक गर्नु अगाडि यसै विषयमा गैर आवासीय नेपाली सङ्घ अमेरिकाका सल्लाहकारहरू र गत निर्वाचनमा अध्यक्ष पदका प्रतिस्पर्धीहरुको राय सुझाव लिनु भएको जानकारी बैठकलाई गराउनु भयो ।

अमेरिकाबाट पठाइने कुल प्रतिनिधिको २५ प्रतिशत अर्थात् ४७ जना आईसीसी डेलिगेटस्का संवन्धमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को पत्रमा गरिएको मागलाई सम्बोधन गर्ने क्रममा कसरी अगाडि बढ्ने विषयमा पदाधिकारी र बोर्ड सदस्यहरूले आ-आफ्ना कुराहरू बैठकमा राख्नु भयो ।

बैठकमा उपस्थित पदाधिकारी र बोर्ड सदस्यहरूले आ–आफ्नो धारणा राख्ने क्रममा २५ प्रतिशत आईसीसीको प्रतिनिधि छनौट विधि, विधान र प्रक्रिया सम्मत ढङ्गले गरिसकिएको चुनावमा पुन: जान नहुने पक्षमा कार्यसमितिका बहुमत पदाधिकारी र बोर्ड सदस्यहरू रहनु भयो । बैठकमा उपस्थित बहुमत पदाधिकारी र बोर्ड सदस्यहरूबाट विधिवत् ढङ्गले गरिएको निर्वाचनको विषयमा आइसिसीबाट सोधनी भएका प्रश्नहरूको जवाफ प्रतिनिधि छनौट गर्दा हामीले अबलम्बन गरिएको विधिसम्मत प्रक्रियाको जानकारी दिनुपर्ने पक्षमा रहनु भयो । कार्यसमितिको बहुमतबाट उक्त विषयमा फेरि चुनाव नगराई विधि-विधान र प्रकृया सम्मत ढंगले भएको निर्वाचन प्रक्रियाका विषयलाई प्रस्ट्याएर पत्रको जवाफ पठाउने प्रस्ताव निर्णायर्थ प्रस्तुत गरियो ।

कोषाध्यक्ष राजीव श्रेष्ठले बैठकमा निर्णयार्थ प्रस्तुत भएको प्रस्तावमा समर्थन गर्दै बिधिपुर्वक सम्पन्न चुनावलाई रद्द गर्दै जान हुँदैन, सो निर्वाचनबाट छनौट भएका प्रतिनिधिलाई नै कायम राख्दै सम्पन्न निर्वाचन प्रक्रियाका विषयलाई प्रस्ट्याएर पत्रको जवाफ आईसीसीलाई पठाउनु पर्छ भनी राख्नु भएको प्रस्तावलाई उपाध्यक्ष दीलु पराजुलीले समर्थन गर्नु भयो ।

बैठकमा बैठकमा प्रस्तुत गरिएको प्रस्तावहरूलाई समर्थन गर्नु हुने उपस्थित पदाधिकारीहरूको नाम यस प्रकार छ ।

१ सुमन थापा –उपाध्यक्ष

२ गोपेन्द्र भट्टराई– उपाध्यक्ष

३ दीलु पराजुली– उपाध्यक्ष

४ अन्जन कुमार चौलागाई –महासचिव

५ अनुप खनाल –सचिव

६ राजीव श्रेष्ठ –कोषाध्यक्ष

७ अग्नि ढकाल –सह कोषाध्यक्ष

८ तोया दाहाल –प्रवक्ता

९ सुन्दरी गुरुङ –महिला संयोजक

१० त्रिभुवन पाण्डे – युवा संयोजक

११ श्रीराम थापा– पश्चिम क्षेत्रीय संयोजक

१२ समर बहादुर बुढाथोकी – पूर्वी क्षेत्रीय संयोजक

१३  विशाल राना –बोर्ड सदस्य

१४ प्रकाश श्रेष्ठ –बोर्ड सदस्य

१५ डोलनाथ घिमिरे– बोर्ड सदस्य

१६ प्रभात राज सापकोटा –बोर्ड सदस्य

१७  सन्तोष पाहारी –बोर्ड सदस्य

१८ विश्व राज बास्तोला– बोर्ड सदस्य

१९  दुर्गेश जङ्ग कार्की –बोर्ड सदस्य

२० राज ढुङ्गाना – बोर्ड सदस्य

उपस्थित ३० जना बोर्ड सदस्यहरुमध्य २० जनाले प्रस्तावको समर्थनमा मत जाहेर गर्नु भयो।

बैठकमा कोषाध्यक्ष राजीव श्रेष्ठले गर्नु भएको प्रस्तावको विपक्षमा रहनु भएका पदाधिकारी तथा बोर्ड सदस्य ज्युहरूको नाम यस प्रकार छ ।

१ कृष्ण जीवी पन्त – वरिष्ठ उपाध्यक्ष

२ दिक्षा बस्नेत –महिला उपाध्यक्ष

३ विकास उप्रेती –उपाध्यक्ष

४ सुनिता कँडेल –महिला सचिव

५ आशिष संग्रौला –बोर्ड सदस्य

६ ज्ञानेन्द्र गुरुङ–बोर्ड सदस्य

बैठकमा कोषाध्यक्षले गर्नु भएको प्रस्तावको पक्ष र विपक्ष कतै पनि नलागी गैर आवासीय नेपाली सङ्घ अमेरिकाका अध्यक्ष र आइसीसीका अध्यक्ष बिच संवाद गरी २५ प्रतिशत डेलिगेटसको अन्यौलता हटाउनु पर्ने प्रस्ताव बोर्ड सदस्य बालाराज घिमिरेले राख्नु भयो ।

घिमिरेको प्रस्तावको पक्षमा समर्थन गर्नुहुने सदस्यहरुको नाम यस प्रकार छ ।

१ शान्ती वाग्ले पौडेल –बोर्ड सदस्य

२ किरण बस्नेत –मीड वेष्ट क्षेत्रीय संयोजक

३ बालाराज घिमिरे –बोर्ड सदस्य

बैठकमा उपस्थित ३० सदस्यमा २० जना प्रस्तावको समर्थनमा, ६ सदस्यले बिपक्षमा र ३ सदस्यले छुट्टै राय राख्नु भएको जानकारी महासचिवले जानकारी गराउनु भयो।

युवा संयोजक त्रिभुवन पाण्डेले संस्थाको लोगो, साइन र नामलाई दुरुपयोग गर्ने र पदीय जिम्मेवारी र गरिमाको ख्याल नगर्ने उपर छानबिन गरी आवश्यक कारबाही गर्नु पर्ने विषयमा प्रस्ताव ल्याउनु भएको थियो । प्रस्तावलाई बोर्ड सदस्य विश्वराज बास्तोला ज्यु र सचिव अनुप खनाल ज्युले समर्थन गर्नु भएको थियो । अध्यक्ष बुद्धि सागर सुवेदीले एउटै विषयमा मात्र छलफल गर्न आकस्मिक बैठक राखिएको कारण यो विषयमा छलफल गर्न नसकिने बताए पछि यो प्रस्ताव निर्णयर्थ प्रस्तुत गरिएन ।

करिब साढे चार घण्टा चलेको आकस्मिक बैठकको अन्त्यमा अध्यक्ष बुद्धि सागर सुबेदीले बिधिपुर्वक छनौट भै आइसीसीमा पहिला पठाइएको २५ प्रतिशत प्रतिनिधिको नामलाई नै मान्यता दिँदै डेलिगेटस निर्वाचन प्रक्रियाको सम्पूर्ण विवरण आइसीसीमा पठाउने निर्णय भएको जानकारी दिंदै बैठक अन्त्य भएको घोषणा गर्नु भयो ।

NRNA NCC-USA Non-Resident Nepali Association
"Once a Nepali Always a Nepali"